# वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन
## आन्तरिक प्रतियोगिता सम्वन्धी सूचना

मिति : २०७३/०५/१५

अस्पताल पदपूर्ति समितिको मिति २०७३/०४/०९ गतेको बैठकको निर्णय अनुसार तपसिलमा उल्लेख भए बमोजिमको सेवा, समूह, उपसमूहको उपसमूहको पदहरुमा **आन्तरिक** प्रतियोगिताको आधारमा बढुवा गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इन्छुक कर्मचारीहरुले आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाणपत्र १/१ प्रति प्रमाणपत्रहरुको प्रतिलिपिहरु समावेश गरी सूचनामा तोकिए अनुसारको दस्तुर तिरी अस्पताल प्रशासन शाखाबाट प्राप्त हुने दरखास्त फाराममा आवश्यक विवरणहरु स्पष्ट उल्लेख गरि हालसालै खिचिएको ३ (तीन) प्रति फोटो निर्दिष्ट स्थानमा टाँसी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र यस अस्पतालको प्रशासन शाखामा आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी र म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १। | ११/०७३-७४ | जुनियर कन्सल्टेन्ट, प्राविधिक(स्वास्थ्य), मेडिकल(चिकित्सक), सर्जिकल अंकोलोजी (इएनटी सर्जन) | अधिकृतस्तर ख | १ (एक) |
| २। | १२/०७३-७४ | वरिष्ठ मेडिकल फिजिसिष्ट, प्राविधिक(स्वास्थ्य), मेडिकल(एलाइड हेल्थ), मेडिकल फिजिक्स | अधिकृतस्तर ख | १ (एक) |
| ३। | १३/०७३-७४ | वरिष्ठ सहायक, प्रशासन, व्यवस्थापन, प्रशासन | सहायकस्तर ख | १ (एक) |

**परीक्षा दस्तुर:** अधिकृतस्तरको लागि रु.४००।- (चार सय) र सहायक स्तरको लागि रु.३००।- (तीन सय)।

**आवश्यक न्युनतम योग्यता:**

१. जुनियर कन्सल्टेन्ट, प्राविधिक(स्वास्थ्य), मेडिकल(चिकित्सक), सर्जिकल अंकोलोजी (इएनटी सर्जन) : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल र उपसमुह सँग सम्वन्धित बिषयमा तिन बर्षको अनुभव।
२. वरिष्ठ मेडिकल फिजिसिष्ट, प्राविधिक(स्वास्थ्य), मेडिकल(एलाइड हेल्थ), मेडिकल फिजिक्स: मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्समा स्नातकोत्तर उपाधी वा सो सरहको उपाधि हासिल र मेडिकल फिजिक्समा डिप्लोमा प्राप्त वा तालिम प्राप्त र मेडिकल फिजिक्स विषयमा चार वर्षको अनुभव प्राप्त ।
३. वरिष्ठ सहायक, प्रशासन, व्यवस्थापन, प्रशासन: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित बिषयमा प्रमाणपत्र तह उत्तीर्ण गरि सम्वन्धीत उपसमुहको एक तह मुनीको पदमा पाँच बर्षको अनुभव।
४. लिखित परीक्षा संचालन लोक सेवा आयोगले गर्नेछ।

**दरखास्त फाराम र पाठ्यक्रम अस्पतालको वेवसाइट *www.bpkmch.org.np* बाट डाउनलोड गर्न सकिनेछ।**

..............................

डा. चिन बहादुर पुन  
सदस्य सचिव  
पदपूर्ति समिति